नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

## मागपत्र प्रमाणीकरणका लागि आवश्यक कागजातहरूको संशोधित ढाँचा सम्बन्धी सूचना।

नेपाल सरकार, युवा तथा श्रम रोजगार मन्त्रालयको मिति २०८३/०४/१३ गतेको माननीय मन्त्रीस्तरीय निर्णय बमोजिम नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०८३/०४/१५ गतेको पत्रमार्फत विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरूबाट नेपाली श्रमिकहरूका लागि प्राप्त हुने मागपत्र प्रमाणीकरण गर्दा **प्रत्येक Job Title (पद) का साथै सम्बन्धित कामदारको Duties and Responsibilities (काम, कर्तव्य तथा जिम्मेवारी)** स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने तथा सम्बन्धित कामदारले **Indoor, Outdoor वा Indoor/Outdoor Both** मध्ये कुन प्रकारको कार्यस्थलमा काम गर्ने हो भन्ने विषयसमेत मागपत्र तथा सम्बन्धित कागजातहरूमा स्पष्ट रूपमा उल्लेख गरी मागपत्र प्रमाणीकरण गर्न निर्देशन प्राप्त भएको छ। तसर्थ, **मिति २०८३/०५/२१ गतेदेखि** मागपत्र प्रमाणीकरणका लागि आवेदन पेश गर्दा मागपत्रको **संशोधित ढाँचा अनिवार्य रूपमा प्रयोग** गरी कागजातहरू पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।
उल्लिखित आवश्यक विवरणहरू पूर्ण रूपमा नभरिएका वा स्पष्ट रूपमा उल्लेख नभएका मागपत्र तथा सम्बन्धित कागजातहरू **आवश्यक संशोधन तथा परिमार्जनका लागि पुनः फिर्ता गरिने** व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। साथै, माथि उल्लिखित विवरणहरू समावेश गरिएका **नमूना कागजातहरू** नेपाली राजदूतावास, मस्कटको आधिकारिक वेबसाइटको **Download** Tab मा तथा तल उल्लेखित लिंकमा समेत उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ।

**https://om.nepalembassy.gov.np/content/66/required-documents-and-revised-format-for-verification/**

## REGARDING THE REVISED FORMAT OF DEMAND LETTER ATTESTATION

As per the Ministerial-Level Decision dated 29 July 2026 of the Government of Nepal, Ministry of Youth and Labour, and the letter dated 30 July 2026 issued by the Government of Nepal, Ministry of Foreign Affairs, the Embassy of Nepal and other Nepali Missions abroad have been instructed that, while attesting demand letters received for the recruitment of Nepali workers, the **Duties and Responsibilities of the concerned workers corresponding to each Job Title** must be clearly specified. Furthermore, the demand letter and relevant supporting documents must clearly indicate whether the concerned workers are required to work in an **Indoor, Outdoor, or both Indoor and Outdoor** work environment. Accordingly, **with effect from 06 September 2026**, all concerned are hereby informed that applicants submitting applications for demand letter attestation must **use the revised format of the demand letter** when submitting their applications and supporting documents.

Demand letters and supporting documents in which the above-mentioned required information is **incomplete or not clearly specified** will be **returned for necessary correction and revision**.
Furthermore, **sample documents incorporating the above-mentioned requirements** are available under the **"Download"** tab of the official website of the Embassy of Nepal, Muscat, as well as at the link provided below.

**https://om.nepalembassy.gov.np/content/66/required-documents-and-revised-format-for-verification/**

**The Embassy of Nepal, Muscat**
**Sultanate of Oman**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman